गौमुल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : २०८३।८४
च.न. : ४०८

मितिः२०८३।०६।०२

विषय:विद्यालयको लेखा परीक्षणका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना
(सूचना प्रकाशित मितिः २०८३।०६।०२)

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११(२) को खण्ड (ज) को बुदाँ नं.२१ ले दिएको अधिकार तथा गौमुल गाउँपालिका शिक्षा ऐन २०७४ दफा ५० को अधिनमा रहि यस गाउँपालिका अन्तर्गतका २३ वटा सामुदायिक विद्यालयहरु, ३ वटा समुदायमा आधारित बालविकास केन्द्र, २ वटा सामुदायिक सिकाइ केन्द्र र ६ वटा सहकारी संस्थाको आ.व. २०८२।०८३ लेखा परीक्षण गर्ने प्रयोजनका लागि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई यो वर्षका लागि सदस्यता नविकरण भएका ईच्छुक लेखापरीक्षकहरुले मिति २०८३ असोज १६ गते भित्र यस कार्यालयमा तपसिलमा उल्लेखित कागजात सहित आशयपत्र र आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

हरीश चन्द वि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

तपसिलः
आशयपत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरुः
१ हस्त लिखित वा कम्प्युटर टाइप गरिएको निवेदन।
२ लेखा परीक्षक सम्बन्धी फर्म दर्ता प्रमाण पत्र (नविकरण समेत)को प्रतिलिपि।
३ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाण पत्र (नविकरण समेत) को प्रतिलिपि।
४ स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
५ आ. व. २०८२।८३ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।
६ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
७ कुनै सरकारी नोकरीमा कार्यरत रहेको भए लेखा परीक्षण गर्नका लागि सम्बन्धित कार्यालयको स्वीकृती पत्रको प्रतिलिपि र कुनै सरकारी कार्यालयमा कार्यरत नरहेको भए कुनै पनि सरकारी सेवामा रहेको छैन भनी गरिएको प्रतिबद्धता पत्र।
८ लेखा परीक्षणको कसुरमा कुनै कार्बाही नभएको प्रतिबद्धता पत्र।
बोधार्थः
श्री सूचना प्रविधि अधिकृत ज्यूः वेवसाइटमा अपलोड गरिदिनु हुन।